बैठक नं.८६

आज मिति २०७८/०४/१८ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | [signature] |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | [signature] |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | [signature] |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | [signature] |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | [signature] |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | [signature] |
| ९ | कमल प्रताप थापा | सदस्य | [signature] |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | [signature] |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | [signature] |
| १२ | पदम बहादुर थापा | सदस्य | — |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हिम बहादुर खत्री | सदस्य | |
| २१ | डिल प्रसाद नेपाली | सदस्य | |
| २२ | रन्जित शेरचन | सदस्य | |
| २३ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २४ | बिमला श्रेष्ठ | सदस्य | |
| २५ | सिता कुमारी थापा | सदस्य | |
| २६ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २७ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २८ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

गोपाल नेपाल - १८ -

श्याम वराल - का.वा. वडाध्यक्ष - ५

त्रिला प्रसाद श्रेष्ठ - का.वा. वडाध्यक्ष - ३

मिति २०७८।२।२६ २०७८।३।७, २०७८।३।१०, २०७८।३।१७, २०७८।३।२३ र मिति २०७८।४।७ मा बसेको नगरकार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

- मिति २०७८।३।८ गते दिनको ११ बजे बुटवल उपमहानगरपालिकाको नगरसभाको नवौ अधिवेशनको बैठक आव्हान गर्ने गरी निर्णय भएको । तत्पश्चातका बैठकहरुबाट बार्षिक नीति तथा कार्यक्रम, बार्षिक बजेट प्रस्तुतीको तयारी, आर्थिक ऐन, २०७८ र विनियोजन ऐन, २०७८ माथि दफावार छलफल सहित क्रमशः मिति २०७८।३।८, २०७८।३।१० र २०७८।३।१८ को नगरसभाको नवौ अधिवेशनमा प्रस्तुत गर्ने गरी निर्णय भएको ।
- कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७८ टेवुल भएको ।
- BTI मा इन्जिनियरिङ्ग कलेजको स्थापनाका लागि प्रतिवेद्धता सहित सम्बन्धित निकायहरुमा अनुरोध भएको ।
- कोभिड-१९ को तेस्रो भेरियण्टको सम्भावित जोखिमको रोकथाम एवं नियन्त्रणका लागि आम्दा अस्पताललाई रु.५० लाख बराबरको स्रोतको सुनिश्चितता गरिएको ।
- नदीजन्य पदार्थको उत्खनन तथा संकलन सम्बन्धी कार्य सम्पन्न भएको हुँदा उत्खनन कार्य बन्द गराउने गरी पत्राचार भएको विषय र नदीजन्य पदार्थ सम्बन्धमा अन्य निर्णयहरु भएको ।
- आ.व.०७८/०७९ का लागि जग्गाको रजिष्ट्रेशन शुल्क १० प्रतिशतले मात्र वृद्धि गर्ने गरी लेखि पठाएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मुख्य प्रशासनिक भवन निर्माण गर्ने निर्माण व्यवसायीको म्याद थप गरिएको ।
- विभिन्न समितिहरुका बार्षिक प्रतिवेदनहरु नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय भएको ।
- निर्माणाधिन ट्रान्सपोर्ट भिलेजको म्याद थप गरिएको ।
- बुटवल उपमहानगरपालिकाको आवधिक योजना स्वीकृत भएको ।
- कोभिड-१९ को सम्भावित तेस्रो लहरको पूर्व तयारी प्रयोजनका लागि लुम्विनी प्रादेशिक अस्पताललाई कार्य सम्पन्न प्रतिवेदन प्राप्त हुने गरी पूजिगत भैपरी शीर्षकबाट रु.५० लाख उपलब्ध गराउने निर्णय ।
- विभिन्न विद्यालयहरुलाई कक्षा थप तथा विषय थप गर्न अनुमति दिइएको ।
- सहकारी नियमावली, २०७८ टेवुल भएको ।
- राजश्व परामर्श समितिबाट समेत सिफारिस भएका विभिन्न निर्णयहरु अनुमोदन गरिएको ।
- लुम्विनी बस टर्मिनल भित्र निर्माणाधिन शपिङ्ग कम्प्लेक्स निर्माण व्यवसायीको म्याद थप गरिएको ।

- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको हकमा २०७८ आश्विन मसान्तसम्म म्याद थप गर्ने निर्णय गरिएको ।
- भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी अन्तर्गत वडा नं.१७ का २९५० र वडा नं.१८ का ८० परिवारहरुलाई आवश्यक व्यवस्थापन मिलाउन भुमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीमा अनुरोध गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.११ देवीनगर स्थित साविक नक्शा नं. ९क कि.नं.९६ को पेश भएको फिल्डवुकमा वगर प्रति जनिएको क्षे.फ.ज.वि. १७-३-१२ मध्ये ३-१०-० तीन विगाहा दश कठ्ठा जग्गा होल्डिङ्ग सेन्टर स्थापनाका लागि उपलब्ध हुन जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा अनुरोध गरिएको ।
- आ.व.०७८।०७९ का लागि नगर दररेट स्वीकृत गरी कार्यान्वयनमा रहेको ।

प्रस्ताव नं.८६.१

कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम सचालन कार्यविधि, २०७८ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.८६.१

मिति २०७८।२।२६ मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं.८०.३ अन्तर्गत टेवुल भएको कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७८ माथि दफावार छलफल गरियो । बुटवल उपमहानगरपालिका क्षेत्रभित्र रहेको कुल खेतीयोग्य जग्गाको उचित व्यवस्थापनका साथ दिगो कृषि विकास तथा मर्यादित कृषि व्यवसाय संचालन एवं परिचालन गरी कृषि उत्पादनमा वृद्धि गर्ने लक्ष्य सहित तयार भएको कृषियोग्य भुमि व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७८ आवश्यक समेत भएको हुँदा स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.८६.२

सहकारी नियमावली, २०७८ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.८६.२

मिति २०७८।३।२३ मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं.८४.३.२ अन्तर्गत टेवुल भएको सहकारी नियमावली, २०७८ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठाइएका विषयवस्तुहरुलाई समेत तत्तत् नियमहरुमा समावेश गरी तयार भएको सहकारी नियमावली, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८६.३

बुटवल उपमहानगरपालिकाको आर्थिक कार्य संचालन निर्देशिका, २०७८ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.८६.३

बुटवल उपमहानगरपालिकाको कार्य संचालनलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्ने प्रयोजनका लागि कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको बुटवल उपमहानगरपालिकाको आर्थिक कार्य संचालन निर्देशिका, २०७८ माथि दफावार छलफल गरियो । छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत्तत् दफा उपदफाहरुमा समावेश गरी तयार भएको आर्थिक कार्य संचालन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८६.४

बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं.८६.४

नगरकार्यपालिका कार्यालयबाट तयार भई पेश हुन आएको चालु आ.व. ०७८/०७९ को बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८६.५

कार्यसंचालन तालिका स्वीकृत सम्बन्धमा ।

**निर्णय नं.८६.५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको चालु आ.व. ०७८/०७९ को स्वीकृत पूर्वाधार विकास निर्माण तर्फका योजनाहरु कार्यान्वयन गर्ने प्रयोजनका लागि देहाय अनुसारको बार्षिक कार्य संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

वार्षिक कार्यसञ्चालन तालिका
आ.व. २०७८/०७९

| क.सं. | कार्यक्रम / क्रियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | चालु आ.व.का योजनाहरुको लगत इष्टिमेट गर्ने | | | | | | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन गर्ने | | | | | | | | | | | | | |
| ३ | उपभोक्ता समितिलाई तालिम दिने | | | | | | | | | | | | | |
| ४ | उपभोक्ता समितिसंग संम्झौता गर्ने | | | | | | | | | | | | | |
| ५ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | | | | | | | | | | | | | |
| ६ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको संम्झौता गर्ने | | | | | | | | | | | | | |
| ७ | चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | | |
| ८ | उ.स.मार्फत संचालित क्रमागत योजनाहरु सम्पन्न गराउने | | | | | | | | | | | | | |
| ९ | उपभोक्ता समिति मार्फत संचालित चालु आ.व.का योजनाहरु सम्पन्न गर्ने | | | | | | | | | | | | | |
| १० | योजनाहरुको सुपरिवेक्षण ,अनुगमन तथा फरफारक गर्ने | | | | | | | | | | | | | |

नोट :- १. ठेक्का प्रकिया मार्फत संचालित योजनाहरुको सम्पन्न संम्झौता बमोजिम हुने छ ।
२. कार्य तालिका बमोजिम कार्यक्रम संचालन गर्ने क्रममा विशेष परिस्थिति सिर्जना भै समय थप गर्नु पर्ने भएमा आवश्यकता र औचित्यताका आधारमा पूर्वाधार विकास समितिको निर्णय बमोजिम हुनेछ ।

**प्रस्ताव नं.८६.६**

स्तरवृद्धि तथा ग्रेड थप सम्बन्धमा ।

निर्णय नं.८६.६

बुटवल उपमहानगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ४ को उपदफा ४ बमोजिमको मापदण्ड पुरा गरेका कर्मचारीहरुको स्तरवृद्धि तथा ग्रेड थप गर्ने सम्बन्धमा मिति २०७८।३।११ मा गठित कार्यदलको वैठकबाट मिति २०७८।४।७ मा भई आएको सिफारिस समेतका आधारमा देहायका कर्मचारीहरुको देहाय बमोजिम हुने गरी तहवृद्धि/स्तरवृद्धि र ग्रेड थप गर्ने निर्णय गरियो ।

देहाय :

| क्र सं | हाल कार्यरत पद | कर्मचारीको नाम | कर्मचारीले रोजेको सुविधा | पछिल्लो बढुवा न्युक्ति | शैक्षिक योग्यता | हालको पदमा कार्यरत अवधि | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ले.अ. | सितु प्रसाद श्रेष्ठ | तह वृद्धि | २०७१/१०/०१ | आई.कम. (+२) | ६ वर्ष ५ महिना | अधिकृत सातौ | तह वृद्धि |
| २ | स.प्लेम्वर | दिल व.आले | ग्रेड थप | २०४८/०१/१७ | साधारण लेखपढ | ३० वर्ष २ महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| ३ | का.स., पांचौं | सूर्य प्रसाद आचार्य | ग्रेड थप | २०६४/०८/१६ | साधारण लेखपढ | १३ वर्ष ७ महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| ४ | फायरमेन,पाचौ | खेमानन्द दुवे | ग्रेड थप | २०७३/०९/१५ | साधारण लेखपढ | ४ वर्ष ६ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५ | फायरमेन,पाचौ | पुष्पराज नेपाल | ग्रेड थप | २०७२/०४/०१ | साधारण लेखपढ | ५ वर्ष ११ महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| ६ | फायरमेन,पाचौ | टेम वहादुर विष्ट | ग्रेड थप | २०६६/१०/०३ | साधारण लेखपढ | ११ वर्ष ५ महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| ७ | का.स., पांचौं | कुल प्रसाद पौडेल | ग्रेड थप | २०७३/०९/१५ | साधारण लेखपढ | ४ वर्ष ६ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ८ | लायनमेन सहयोगी | राम किशोर यादव | ग्रेड थप | २०७३/०९/१५ | साधारण लेखपढ | ४ वर्ष ६ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ९ | चालक, हल्का तेश्रो | यम व. कार्की | ग्रेड थप | २०७४/०१/०१ | साधारण लेखपढ | ४ वर्ष २ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| १० | चालक,हे. तेश्रो | प्रेम वहादूर रास्कोटी | ग्रेड थप | २०७४/०१/०१ | साधारण लेखपढ | ४ वर्ष २ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ११ | चालक,हल्का तेश्रो | सराजुद्दीन मूसलमान | ग्रेड थप | २०७४/०६/०१ | साधारण लेखपढ | ३ वर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| १२ | माली, पांचौ | हरिमाया राना | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ वर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १३ | लायनमेन सहयोगी | डम्वर वहादुर रावल | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ वर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १४ | का.स., पांचौं | डोलराज वस्याल | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ वर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १५ | लायनमेन सहयोगी | लाल वहादुर पुन | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ वर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १६ | का.स., पांचौं | बेली वोहरा क्षेत्री | ग्रेड थप | २०७३/०९/१५ | साधारण लेखपढ | ४ वर्ष ६ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | लायनमेन सहयोगी | विष्णु प्रसाद वि.के. | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ बर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १८ | सफाईकर्मी, पांचौं | कुमार वि.के. | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ बर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| १९ | सफाईकर्मी, पांचौं | सुनिता दर्जी | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ वर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| २० | सफाईकर्मी, पांचौं | विष्णु बहादुर दर्जि | ग्रेड थप | २०७२/०५/१५ | साधारण लेखपढ | ५ बर्ष १० महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| २१ | का.स, चौथो | दिपक राना | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ बर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २२ | का.स, चौथो | शिव प्रसाद शर्मा | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ बर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २३ | का.स, चौथो | ओम वहादुर गुरुङ्ग | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ बर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २४ | का.स, चौथो | इन्द्र वहादुर कार्की | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ बर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २५ | का.स, चौथो | मंगलराज शाक्य | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ बर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २६ | का.स, चौथो | टुक बहादर राना | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ वर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २७ | का.स, चौथो | रंजना सारुमगर | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ वर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २८ | का.स, चौथो | चन्द्र वहादुर क्षेत्री | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ वर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| २९ | का.स, चौथो | दान प्रसाद उपाध्याय | ग्रेड थप | २०७३/०६/०२ | साधारण लेखपढ | ४ वर्ष ९ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३० | का.स, तृतीय | ऋषि गोपाल जोशी | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३१ | का.स, तृतीय | भिम बहादुर गुरुङ्ग | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३२ | का.स, तृतीय | खिम राज न्यौपाने | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३३ | का.स, तृतीय | राजेन्द्र कुमार साही | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३४ | का.स, द्रितीय | जीवाखर अधिकारी | ग्रेड थप | २०७२/०४/०१ | साधारण लेखपढ | ५ वर्ष ११ महिना | २ ग्रेड थप | ग्रेड वृद्धि |
| ३५ | नगरप्रहरी,तृतीय | राम वहादुर थापा | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | नगरप्रहरी,तृतीय | मान ब. तामाङ | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३७ | फायरमेन,तृतीय | गणेश गुरुंग | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३८ | फायरमेन,तृतीय | पुरुषोतम क्षेत्री | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ३९ | फायरमेन,तृतीय | अर्जुन घर्ती मगर | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४० | माली.,तृतीय | चेतमाया राई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४१ | लायनमेन सहयोगी | जितमान सुनार | ग्रेड थप | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४२ | लायनमेन सहयोगी | लयन सुनार | ग्रेड थप | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४३ | लायनमेन सहयोगी | रस ब.वि.क. | ग्रेड थप | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४४ | सफाईकर्मी, तृतीय | दिल ब.सुनार | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४५ | सफाईकर्मी, तृतीय | योगेन्द्र ब.दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४६ | सफाईकर्मी, तृतीय | कृष्णे दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४७ | लायनमेन सहयोगी | गोमे नेपाली | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४८ | सफाईकर्मी, तृतीय | मनीराज दर्जी | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ४९ | सफाईकर्मी, तृतीय | गोरे दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५० | सफाईकर्मी, तृतीय | तारा प्र. कामी | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५१ | सफाईकर्मी, तृतीय | जोखे ब.दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५२ | सफाईकर्मी, तृतीय | चिते दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५३ | हलुका सवारी चालक | मेरमान कामी | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |
| ५४ | लायनमेन सहयोगी | नर प्रसाद दमाई | तह वृद्धि | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ वर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड वृद्धि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५५ | माली, तृतीय | चिनीमाया न्यौ. | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ५६ | हलुका सवारी चालक | कमल ब. कार्की | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ५७ | सफाईकर्मी, तृतीय | पृथ्वीमान दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ५८ | सफाईकर्मी | हिमलाल दमाई | तह बृद्धि | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ५९ | सफाईकर्मी, तृतीय | भिम ब. दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६० | सफाईकर्मी, तृतीय | तिल ब. दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६१ | लायनमेन सहयोगी | नेत्र ब.पौडेल क्षेत्री | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६२ | सफाईकर्मी, तृतीय | दिपक दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६३ | लायनमेन सहयोगी | राजू सुनार | ग्रेड थप | २०७३/१२/१५ | ईलेक्टीसियन तह १ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६४ | सफाईकर्मी, तृतीय | धर्म लाल गुरुङ | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६५ | सफाईकर्मी, तृतीय | चाम ब.वि.क. | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६६ | सफाईकर्मी, तृतीय | दण्डेश्वर दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६७ | सफाईकर्मी, तृतीय | राजकुमार कामी | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६८ | सफाईकर्मी, तृतीय | प्रेम दमाई | ग्रेड थप | २०७३/१२/१५ | साधारण लेखपढ | ४ बर्ष ३ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |
| ६९ | चालक,तृतीय | विष्णु राना | ग्रेड थप | २०७४/०१/०१ | साधारण लेखपढ | ४ बर्ष २ महिना | १ ग्रेड थप | ग्रेड बृद्धि |

**प्रस्ताव नं.८६.७**

रु.१२ लाख सम्मका आयोजनाहरुको जाँचपाँस तथा फरफारक वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाटै गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**निर्णय नं.८६.७**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत वडा कार्यालयबाट हुने आर्थिक कारोबार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम वडा कार्यालयबाट रु.बाह्र लाख रुपैया वा सो भन्दा कम लागत अनुमान भई वडा कार्यालयबाटै टिप्पणी स्वीकृत, सञ्चालन एंव कार्यान्वयन भई सम्पन्न समेत भएका पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुको जांचपास तथा

फरफारक सम्बन्धी कार्य, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७४ बमोजिम गठित वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई नै जिम्मा दिई सो समितिको निर्णय र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिक पुष्ट्याई समेतका आधारमा वडाको सिफारिस बमोजिम भुक्तानीको व्यवस्था गर्ने र सो सम्बन्धी कामको पूर्ण जवाफदेहिता वडा कार्यालयमा नै रहने निर्णय गरियो ।

**प्रस्ताव नं.८६.८**

घरनक्शा अभिलेखिकरणको सूचना प्रकाशित सम्बन्धमा ।

**निर्णय नं.८६.८**

बुटवल उपमहानगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत नक्सापास प्रक्रियामा नआएका तर मापदण्ड पुरा भएका संरचनाको नक्सापास गर्ने र संरचना निर्माण भैसकेको तर प्रकियागत जटिलता भई अभिलेखिकरण गर्न रोकिएका घर नक्साहरुको निश्चित मापदण्ड तोकि नक्सापास र अभिलेखिकरण गरिनेछ भन्ने नीतिगत व्यवस्था भए बमोजिम ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी अभिलेखिकरणको प्रकिया अगाडि वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८६.९ विविध ।**

**प्रस्ताव नं.८६.९.१**

अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**निर्णय नं.८६.९.१**

(क) सडक निर्माण, सडक मर्मत, खानेपानी व्यवस्थापन, बृक्षारोपण हरियाली पार्क निर्माण, ग्रामीण तथा शहरी उज्यालो शहर कार्यक्रम लगायत विकास निर्माणका कार्यक्रममा भैपरी पूजिगत शिर्षकमा विनियोजित वजेट रकम मध्येबाट वडाको सिफारिस एवं आवश्यकता र औचित्यताको आधारमा स्थलगत निरीक्षण अध्ययन गरी पूर्वाधार विकास समितिको सिफारिसमा नगर प्रमुखबाट स्वीकृत गरी कार्यान्वयनमा जादां छिटो छरितो र प्रभावकारी हुने देखिएकोले सोही वमोजिम हुने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(ख) चालु आर्थिक वर्षका निम्ती पूजिगत खर्च शीर्षक अन्तर्गत विनियोजन रकम कुनै कारणवश खर्च हुन नसक्ने, कुनै शीर्षकमा अपुग बजेट रकम सोही वडाको कार्यान्वयन नभएको अर्को शीर्षक अन्तर्गतको योजनाबाट शीर्षकान्तर तथा रकमान्तर गर्नको लागि आवश्यकता र औचित्यताको व्यहोरा खुलाई सम्बन्धित वडा समितिको निर्णय भै आएमा थप आर्थिक दायित्व नपर्ने गरी पूर्वाधार विकास समितिको वैठकबाट निर्णय गरी कार्यान्वयनमा जादां छिटो छरितो र प्रभावकारी हुने देखिएकोले पूर्वाधार विकास समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८६.९.२**
लागत सहभागिता सम्बन्धमा ।
**निर्णय नं.८६.९.२**
जनसहभागितामा सञ्चालन गरिने विकास निर्माणका कार्यहरुको विस्तृत रुपमा लागत सहभागिता किटानी गरी कार्यान्वयन गर्दा छिटो, छरितो र प्रभावकारी हुने देखिएकोले उपभोक्ता समितिबाट कार्यान्वयन हुने विभिन्न पूर्वाधार विकास निर्माण कार्यमा नगर सभाबाट तोकिएको लागत सहभागिता दरमा आवश्यकता र औचित्यताको आधारमा आर्थिक सामाजिक रुपमा पछाडि परेका वस्ती,ऐतिहासिक धरोहर,मठ मन्दिर,पाटी पौवा,सार्वजनिक भवन,खोला नालामा तटबन्ध, विद्युत, कल्भर्ट तथा सार्वजनिक जनसरोकारका संरचनाहरु जस्ता कार्य र सरकारी वा सार्वजनिक क्षेत्र पर्ने जग्गामा लागत सहभागिता जुट्न नसक्ने भएको हुंदा देहाय बमोजिमको लागत सहभागिता रहने गरी योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) **सडक तथा नाला निर्माण तर्फ,** :- वडा नं १, २ र ११ को तिनाउ पश्चिमको भाग तथा वडा नम्बर १४ देखि १९ मा २५ प्रतिशत, वडा नम्बर १२ र १३ मा ३० प्रतिशत र तिनाउ नदी पूर्वका वडाहरुमा ४० प्रतिशत,।

(ख) सबै वडामा सडक तथा नाली मर्मत सम्भार कल्भर्ट तथा ग्राभेलमा न्यूनतम १५ प्रतिशत

(ग) विद्युत लाईन विस्तार, ट्रान्फरमर जडान, कृषि तथा सिचाई, सार्वजनिक , धार्मिक तथा शैक्षिक क्षेत्र र खेलकूदको पूर्वाधार निर्माणमा न्युनतम १० प्रतिशत ।

(घ) माथि उल्लेखित (क), (ख) र (ग) बाहेकका अन्य आयोजनाहरुमा न्युनतम १५ प्रतिशत,

(ङ) फोहर व्यवस्थापन, छाडा चौपाया नियन्त्रण एंव व्यवस्थापन, प्रकोप नियन्त्रण, शहरी सौन्दर्यकरण, सीमान्तकृत बस्ती तथा समुदायमा संचालन हुने आयोजनाहरुमा वडा कार्यालयको सिफारिस एवं आवश्यकता र औचित्यताको आधारमा न्यूनतम ५ प्रतिशत लागत सहभागिता नघट्ने गरी पूर्वाधार विकास समितिको निर्णयाअनुसार हुनेछ ।

**प्रस्ताव नं.८६.९.३**
सटर बहालमा लिनेको सम्वन्धमा ।
**निर्णय नं.८६.९.३**
उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति बहाल बन्दोवस्तीमा लगाएको छ । त्यसरी बहालमा लगाएका पसल, सटर र क्वालहरुको ०७८ असार मसान्तमा म्याद समाप्त हुने गरी भइरहेको बहाल बन्दोवस्तीमा ०७९ असार मसान्तसम्म सम्झौता अवधि थप गर्ने भनि नगरसभाको नवौ अधिवेशनबाट निर्णय भएको भए तापनि बुटवल उपमहानगरपालिका वडा नं.६ कालिकापथ स्थित सब्जीमण्डीको पश्चिमतर्फका १४ सटरमध्ये १३ वटा सटरहरुमा मासु व्यवसाय संचालन गरी आएकाहरुको हकमा वडा कार्यालय वडा नं.६ को च.नं.३९ मिति २०७८।४।१३ को

पत्रसाथ संलग्न निर्णय तथा अनुगमन समितिको मिति २०७८।४।१४ मा भएको स्थलगत अनुगमन र उक्त समितिबाट प्राप्त प्रतिवेदन समेतका आधारमा तोकिएको शर्त एवं मापदण्ड पालना नगर्ने सटरका व्यवसायीहरुलाई कडाईका साथ मापदण्ड पालना गर्न लगाउने र सो अनुरुप मापदण्ड पालना नभएमा उक्त सटरहरुमा व्यवसाय गर्ने व्यवसायीहरुको म्याद थप नगरी कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८६.९.४**
रंगशाला निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा ।
**निर्णय नं.८६.९.४**
बुटवल उपमहानगरपालिका वडा नं.१३ जवई स्थित हाल खेलमैदान रहेको जग्गामा अर्न्तराष्ट्रियस्तरको उजिरसिंह रंगशाला निर्माण प्रयोजनका लागि लुम्विनी प्रदेश सरकारबाट आवश्यक बजेट व्यवस्था समेत भएको हुँदा उक्त रंगशाला निर्माणका लागि देहायको चारकिल्ला भित्रको ज.वि.४-१०-० चार विगाहा दश कठ्ठा जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा सिफारिस हुन भनि वडा कार्यालय वडा नं.१३ को च.नं. १७८ मिति २०७८।४।११ को पत्रबाट निर्णय संलग्न गरी पेश हुन आएको हुँदा उक्त जग्गा रंगशाला निर्माण प्रयोजनका लागि उपलब्ध हुन जिल्ला प्रशासन कार्यालय रुपन्देही मार्फत सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

पूर्व-बुद्धगुम्वा र सडक ।

पश्चिम-जितेश्वरी सामूदायिक वनको नर्सरी ।

उत्तर- जितेश्वरी सामूदायिक वन ।

दक्षिण- जवइ खोला । /

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।